# पठनकला शिक्षण सिकाइको औचित्य

**झगिन्द्रराज ढकाल**


## लेखसार

*लिपिचिह्नद्वारा प्रकट विचारलाई ग्रहण गर्ने प्रक्रिया पठन कला हो । लेख्य सामग्रीको भनाइ तथा विचारलाई पढेर बुझ्नु  पठनबोध हो । यसले थोरै समयमा धेरै सामग्री ग्रहण गर्ने क्षमताको विकास गराउँछ । प्रस्तुत अध्ययन पठनबोध शिक्षणको परिचय, उद्देश्य, आवश्यकता र महत्वका साथसाथै पठनको प्रकारमा केन्द्रित छ । यसमा गुणात्मक ढाँचाको अवलम्बन गरी पुस्तकालीय विधिबाट सामग्रीको सङ्कलन गरी व्याख्या विश्लेषण गरिएको छ । विषयवस्तुलाई आवश्यकताअनुसार द्रुत, मध्यम र मन्द गतिमा पढ्न, विचार र सार बुझ्न, व्याख्या विश्लेषण गर्न, टिपोट र प्रश्नोत्तर क्षमतामा अब्बल सावित गराउन पनि पठनबोध महत्वपूर्ण मानिन्छ । पठनबोधलाई सस्वर पठन, मौन पठन र द्रुत पठन गरी छुट्याएर हेर्न सकिन्छ । विषयवस्तुलाई आवाज निकालेर अर्को व्यक्ति तथा समूहले सुन्ने गरी पढ्नु सस्वरपठन हो भने आवाज ननिकाली मनमनै पढ्ने काम मौनपठनमा गरिन्छ । त्यसैगरी लिपिबद्ध सामग्रीलाई छिटोछिटो पढेर त्यसमा भएको भाव बुझ्न सक्नु द्रुत पठन हो । पठनबोधका लागि प्रारम्भिक तथा आधारभूत तहमा सस्वर पठन उपयुर्क्त मानिन्छ भने माध्यमिक तथा उच्च तहहरूमा भने मौन पठन र द्रुत पठनको प्रयोग धेरै भएको पाइन्छ । प्रस्तुत लेखले भाषा शिक्षणसँग सम्बन्धित शिक्षक, विद्यार्थी लगायत पाठ्यक्रम निर्माता तथा पाठ्यपुस्तक लेखकमा सहयो ग पुऱ्याउने छ ।*


***मुख्य शव्दहरू*** *:* पठनकला, बोध, अभिव्यक्ति, वक्ता, शब्दभण्डार

## विषय प्रवेश

भाषा शिक्षण भाषिक सीपहरूको शिक्षण हो । यसमा बोध र अभिव्यक्ति क्षमताको बृद्धिमा विशेष ध्यान दिइन्छ । बोधको विविध प्रकार मध्ये पठनकला पनि एक हो । लिपिबद्ध पाठ्यसामग्रीलाई पढेर अर्थबोध गर्ने प्रक्रियालाई पठनकला भनिन्छ । पठनकलामा सामान्यतया आँखा र मस्तिष्क सक्रिय हुन्छ तर दृष्टिविहीन व्यक्तिहरूको भने हात र मस्तिष्क सक्रिय भएको पाइन्छ । प्रारम्भिक तथा आधारभूत तहमा पठनकला सस्वर पठनमा आधारित भएको राम्रो मानिन्छ भने माध्यमिक तथा उच्च तहहरूमा मौन पठनमा जोड दिइन्छ र उपयुक्त पनि मानिन्छ । पठनकलाबाट ज्ञान, बोध र प्रयोगमा जोड दिँदै आफ्नो विचारप्रति अडिग रहने र पढ्दा अक्षर, शब्द, पदावली र वाक्यसम्म छुट्याई पाठकहरूले आफ्नो खुबी र क्षमताका आधारमा अर्थ पहिल्याउने काम गर्दछन् । निरन्तर पढ्ने मान्छेमा साहित्यिक र साहित्येतर विषयबाट ज्ञान आर्जनमात्र मात्र नभई त्यस्ता विषयमा कलम चलाउने क्षमता पनि विकास हुँदै जान्छ । पठनलाई स्तरीय बनाउन सस्वर, मौन, द्रुत तथा आदर्श पठनको महत्वपूर्ण भूमिका रहेको हुन्छ । लिपिबद्ध दृश्यात्मक भाषामा उतारिएका ज्ञान एवं सूचनालाई मष्तिष्कको माध्यमले सङ्गठित गरेर अर्थबोध वा ग्रहण गर्नु पठनकला हो । पठन गर्दा देखे का कुरा र मस्तिष्कबिच सामञ्जस्य कायम गराउनु एक जटिल प्रक्रिया पनि हो । लिखित भाषालाई बुझ्नु, लिपि चिह्नहरू मिलाएर राख्नु परिवेशअनुसार लेख्य सामग्रीको भाव बुझ्नु  र बुझाउनु, भाषामा रहेका सीप जान्दै व्याकरणिक प्रयोग विस्तारको बोध गर्नुजस्ता कुराहरू पठन कलाभित्र पर्दछन् । यस लेखमा पठनकला शिक्षण सिकाइमा पठनबोधको उद्देश्य, आवश्यकता र महत्व के कस्तो छ भन्ने समस्यामा रहेर यसको

उद्देश्य, आवश्यकता र महत्वका बारेमा पत्ता लगाउनु अनुसन्धान लेखको उद्देश्य रहेको छ । यस लेखमा अवलोकन विधि, वर्णनात्मक तथा विश्लेषणात्मक विधिको प्रयोग गरिएको छ । लेख तयारीका क्रममा पुस्तकालयीय अध्ययन प्रक्रियाका माध्यमबाट शीर्षकसँग सम्बन्धित पुस्तकहरूलाई पनि स्रोतका रूपमा उपयोग गरिएको छ ।

## अध्ययनको सैद्धान्तिक आधार

कुनै पनि व्यक्तिले अभिव्यक्त गरेको भनाइलाई पढेर बुझ्ने विधि पठनबोध हो । पाठकका पूर्वानुभवित संज्ञान र दृश्य सङ्केतहरूलाई द्रुततापूर्वक सङ्गठित गरेर बुझ्ने सीप र क्षमता नै पठनको अभिप्राय हो (पौडेल, २०६७, पृ.१४४) । सर्वप्रथम माइकेल वेस्टद्वारा बिसौँ शताब्दीको दोस्रो दशकतिर प्रतिपादित पठन विधि मुख्यतः पठनबोध क्षमता बढाउन उपयोगी ठानिन्छ । तल्ला कक्षाहरूदेखि नै पठन कौशल तथा क्षमता बढाउन, शब्दभण्डार, वाक्यगठन, विषयवस्तु र शैलीको छनोट तथा स्तरणमा ध्यान दिई सरलीकृत रिडरहरू तयार गर्न सकिन्छ । ती रिडरहरू सरसर्ती पठन, गहन पठन, शब्दभण्डारको वृद्धि तथा कतिपय व्याकरणात्मक संरचनाको अभ्यासार्थ पनि उपयोगी हुन सक्छन् (अधिकारी,२०५३,पृ.७८) । यसलाई पठनविधिका नामले पनि चिनिन्छ अथवा लेखकले लेखेका कुरा पाठकले जस्ताको त्यस्तै बुझ्नु पठनबोध हो । कसैले व्यक्त गरेका कुरा सुनेर बुझ्नु श्रुतिबोध हो । वक्ताले सामुन्ने आएर मौखिक अभिव्यक्ति दिएका वा यान्त्रिक उपकरणमा अभिलेख राखिएका वा प्रसारण भएका कुरा सुनेर भाव व्यक्त गर्न सक्ने क्षमता विकसित गर्न गराउन गरिने भाषिक प्रयाससँग श्रुतिबोधको सम्बन्ध देखिन्छ (ढकाल,२०६२, पृ.१४०) । यो विशेषगरी पढ्न लेख्न नजान्ने र दृष्टिविहीन व्यक्तिहरूका लागि उपयुक्त हुन्छ । लेखेको कुरा पढेर बुझ्नु पठनबोध हो । यो पढ्न लेख्न जान्ने मानिसका लागि उपयुक्त हुन्छ । पठनबोधबाट विद्यार्थीहरूमा पढाइप्रति रुचि जाग्ने, अध्ययन गर्ने बानीको विकास हुने र अध्ययनबाट पोख्त भएपछि कुनै विषयवस्तुप्रति टीकाटिप्पणी गर्न सक्ने क्षमताको विकास हुन्छ । विद्यार्थीहरूको तह, क्षमता र रुचिअनुसार सरलदेखि जटिल शब्द भएका सामग्री छनोट गरेर पनि पठनबोध शिक्षण गर्न सकिन्छ । विद्यार्थीहरूलाई पाठ्यपुस्तकमा भएका कुनै पाठ वा अनुच्छेद पढ्न लगाएर, पढिसकेपछि त्यही पढेका पाठ वा अनुच्छेदबाट प्रश्न बनाउन लगाएर, पढेको पाठको मुख्य भाव वा विचार बताउन लगाएर वा वाक्य भन्न लगाएर, व्याकरणिक कोटिअनुसार छुट्याउन लगाएर पठनबोध गर्न सकिन्छ । यस विधिले पाठ्यसामग्रीको पढाइबाट भाषा बोध भई अभिव्यक्ति क्षमता स्वतः विकास हुन्छ भन्ने मान्यता राख्दछ (ढकाल र खतिवडा,२०६८, पृ.१०१) । यसकारण विद्यार्थीहरूलाई कुनै पनि पाठ पढ्न दिई विद्यार्थीहरूको स्तरअनुसार त्यसबाट आफैँले प्रश्न (लामो उत्तर आउने, छोटो उत्तर आउने, खाली ठाउँ भर्ने, ठिक बेठिक छुट्याउने, जोडा मिलाउने, बहुवैकल्पिक) सोधेर वा उनीहरूलाई पढेका कुरा टिप्न लगाएर पनि पठनबोध प्रक्रियालाई अगाडि बढाउन सकिन्छ ।

## अध्ययनको व्याख्या विश्लेषण

कुनै पनि विषयमा आवश्यकताअनुसार आवाज निकालेर, मनमनै तथा द्रुत रूपमा पढ्न सक्ने कला पठनकला हो । पठनकलाले व्यक्तिको व्यक्तित्वलाई उचाइमा पुऱ्याउने कार्य गर्दछ । यो निरन्तर अभ्यासबाट सुधार हुँदै जाने देखिन्छ । पठनकलाले व्यक्तिको व्यक्तिगत, सामाजिक, पेसागत तथा व्यावसायिक विकासमा पनि धेरै महत्वपूर्ण भूमिका निर्वाह गरेको हुन्छ । पठनकला तथा पठनबोधको उद्देश्य, आवश्यकता र महत्व किन रहेको छ भन्ने सन्दर्भलाई निम्नलिखित उपशीर्षकमा व्याख्या विश्लेषण गरिएको छ :

### पठनबोध शिक्षणको उद्देश्य

पढ्दा कसरी पढ्ने, के पढ्ने भन्ने ज्ञान गराउन पठनबोध शिक्षणको औचित्य रहेको छ। पठनबोध शिक्षण गराउँदा सुरुमा सामान्य पाठ पढ्न दिने, त्यसपछि विद्यार्थीलाई व्यक्तिगत रूपमा पढ्न लगाउँदै कति पढ्न सक्यो हेर्ने, विस्तारै सामान्य रूपमा पहिलेको पाठसँग मेल खाने अलि कठिन पाठ पढ्न लगाउँदै जाने र पाठ पढ्न लगाउँदा पढ्ने तरिकाबारे आफू पनि प्रस्ट हुने र सोहीअनुसार विद्यार्थीहरूलाई पनि पढ्न लगाउनु पर्दछ (इनजेलमन, हाडडक्स, ब्रुनर, सन्. १९८६, पृ. ९) । पठनबोध शिक्षणको उद्देश्यलाई निम्नानुसार चिनाउन सकिन्छ :

- लेख्य सामग्रीलाई मौन र द्रुत रूपमा पढ्न,
- पढेका सामग्रीको आवश्यकताअनुसार भाव, सार र सूचना बताउन,
- विषयवस्तु बुझाउन,
- उद्देश्यअनुसार पढ्ने सीपको विकास गराउन,
- साहित्यिक विधाका पाठहरू पढेर आनन्द लिन,
- कुनै देखेको घटनाक्रम व्याख्या गरी त्यसबारे छलफल गर्न,
- विद्यार्थीहरूको शब्दभण्डार क्षमताको वृद्धि गर्दै त्यसको उपयोग गर्न सक्ने बनाउन,
- व्याकरणात्मक दक्षता बढाउन,
- विद्यार्थीहरूमा संज्ञानात्मक क्षमताको वृद्धि गरेर ज्ञान भण्डारको वृद्धि गर्न,
- व्यक्तित्व विकास गराउन आदि ।

**पठनबोधको आवश्यकता र महत्व**

लिखित वा मुद्रित सामग्रीमा भएका विचार वा भावलाई पढेर बुझ्नुलाई पठनबोध भनिन्छ। पढाइका विभिन्न गति (द्रुत, मध्यम, मन्द) हुन्छन् (ढकाल,२०६२, पृ.२०९) पठनबोधको आवश्यकता र महत्वलाई निम्नानुसार प्रस्तुत गर्न सकिन्छ :

- ज्ञानको विकाससँगै छिटोछिटो पढ्न,
- पाठ्यवस्तु वा विषयवस्तु बोध गर्ने क्षमताको विकास गर्न,
- समयको सदुपयोग गर्दै पठनबोधबाट आनन्दानुभूति प्राप्त गर्न,
- वर्तमान अवस्थाप्रति ज्ञान राख्न,
- आफूले बुझेर अरूलाई बुझाउन सक्ने क्षमताको विकास गर्न आदि ।

पठनबोधलाई पठनकला, पढाइको उद्देश्य, पढ्ने व्यक्तिको स्तर, पढाइको प्रक्रिया, बोधको प्रक्रिया, पठनको क्षेत्र आदिको आधारमा निम्नानुसार छुट्याएर हेर्न सकिन्छ (ढकाल र खतिवडा, २०६८, पृ.१२६) : क) सस्वर पठन, ख) मौन पठन, ग) द्रुत पठन ।

**सस्वर पठन**

स्वर वा आवाज निकालेर अर्को व्यक्तिले सुन्नेगरी पढ्नुलाई सस्वर पठन भनिन्छ। वस्तुतः व्यक्तिको साक्षरताको पहिलो खुट्किलो लेख्य भाषा पढ्न जान्नु हो । बालकले लेख्य भाषा पढ्न जान्नु भनेको ज्योतिको अर्को ढोका खोल्नु हो (अधिकारी र शर्मा, २०५६, पृ.६८)। लेख्य सामग्रीलाई बोलीमा परिणत गर्ने सीप सस्वर पठन हो । यसबाट लेख्य लिपि चिह्नलाई आवाज निकालेर उच्चारण गर्दा हुने गल्तीहरू सुधारेर परिष्कार

गरी बोलाइका विविध सीपहरू समेत विकास गर्न सकिन्छ । सुनाइ र बोलाइ भाषाका आधारभूत सीप हुन् । सुनाइ आदानात्मक क्रियाकलाप हो भने बोलाइ प्रदानात्मक क्रियाकलाप हो । मौखिक अभिव्यक्तिलाई स्थायी रूप प्रदान गर्न लिपि चिह्नहरू विकसित भए । ती लिपि चिह्नद्वारा मनका विचार, भावना र दृष्टिकोण प्रस्तुत गर्दै जाँदा लेख्य भाषाको जन्म र विकास भएको पाइन्छ । पढाइको सुरुमा ध्वनि वा वर्ण उच्चारण गर्ने अभ्यास हुन्छ र क्रमैसँग वर्ण, शब्द, वाक्य, अनुच्छेद, परिच्छेद हुँदै समग्र पाठकै उच्चारण गरी पढ्ने कार्य गरिन्छ । लिखित वा मुद्रित सामग्रीलाई भावअनुसार उच्चारण अवयवद्वारा आवाज निकालेर श्रोताले सुन्ने गरी पढ्नु सस्वर पठनको उत्कृष्ट रूप हो जसलाई वाचनकला पनि भनिन्छ । पढ्दा भकभकाएर पढ्ने, अशुद्ध पढ्ने, अक्षर उल्टोपाल्टो गरी पढ्ने, कुनै हरफ दोहोऱ्याएर पढ्ने, कुनै हरफ छाडेर पढ्ने, भनाइको भाव नबुझि पढ्ने, ज्यादै छिटो वा ज्यादै ढिलो पढ्ने, पढ्दा डराएर पढ्ने, लाज मानेर पढ्ने, चिह्नहरूको ख्याल नगरी पढ्ने जस्ता पठन वा वाचनका क्रममा हुने गल्ती कमजोरीहरूलाई सुधार गर्दै शुद्ध, स्पष्ट, भावानुकूल, गति, यति, लय मिलाई वाचन वा पठनकलालाई स्तरीयता प्रदान गर्नका लागि सस्वर पठन वा वाचनमा विद्यार्थीहरूलाई बढीभन्दा बढी अभ्यास गराउनु आवश्यक रहेको पाइन्छ (ढकाल र खतिवडा,२०६८,पृ.१२७) । सस्वर एउटा विचार विनिमयको माध्यम हो जहाँ शिक्षित वर्गको विचार, दर्शन, भावना, चिन्तन र धारणाहरूको लिपिबद्ध प्रस्तुतिको माध्यमबाट अशिक्षित समुदायलाई प्रभावित गराउन पठनको महत्व रहेको पाइन्छ ।

सस्वर पठनबाट विद्यार्थीहरूमा लजाउने, डराउने, धकाउने बानी हट्नुका साथै वर्णविन्यासगत त्रुटिमा निराकरण भई शुद्ध र स्पष्ट उच्चारण गर्ने बानीको विकास हुन्छ । साथै स्पष्ट वक्ता, प्रखर अभिनेता बन्नका लागि पनि सस्वर पठन महत्वपूर्ण हुन्छ । कविताको आनन्द लिन होस् या कथा, उपन्यास, निबन्ध, जीवनीलगायत अन्य विधामा पनि सस्वर पठनको आवश्यकता र महत्व रहेको पाइन्छ । राम्ररी सस्वर पठन गरिएमा गद्यको आधार र पद्यको पुरा भाग सम्झिन सकिने कुरा विद्वान्हरूले बताएको पाइन्छ । सस्वर पठनलाई सामान्यतया व्यक्तिगत पठन र सामूहिक पठन गरी चिनाउन सकिन्छ :

**व्यक्तिगत पठन**

एक पटकमा एउटा मात्र व्यक्तिले पढ्दछ भने त्यसलाई व्यक्तिगत पठन भनिन्छ । जस्तै कक्षाकोठामा शिक्षकले विद्यार्थीहरूलाई पालैपालो पढ्न लगाउनु व्यक्तिगत पठन हो ।

**सामूहिक पठन**

एकभन्दा बढी व्यक्तिले एउटै पाठ्यसामग्रीलाई एकैसाथ वाचन गर्न वा पढ्नु सामूहिक पठन हो । जस्तै : कक्षाकोठामा एउटै पाठ सम्पूर्ण विद्यार्थीहरूले एकैसाथ पढ्नु वा समूह समूहले एकैसाथ पढ्नु सामूहिक पठन हो । कक्षाकोठामा पठनपाठनका दृष्टिले सस्वर पठनलाई आदर्श पठन, अनुकरण पठन र समवेत पठनका माध्यमबाट पनि चिनाउन सकिन्छ (आचार्य र गौतम, २०६५, पृ. १३०) ।

**आदर्श पठन**

कक्षाकोठामा पढ्ने पाठलाई शिक्षकले पढ्दा शुद्ध उच्चारण गरेर, हाउभाउ, मुखमुद्रा प्रस्तुत गरेर तथा गति, यति, लय र आरोह-अवरोह मिलाई उचित ढंगले उभिएर प्रस्तुत गर्नुलाई आदर्श पठन भनिन्छ । शिक्षकले प्रस्तुत गरेअनुसार विद्यार्थीहरूले पनि जस्ताको त्यस्तैरूपमा पढ्ने गर्दछन् । यसरी शिक्षकले कक्षाकोठामा प्रस्तुत गर्ने पठनलाई आदर्श वा नमुना पठन भनिन्छ । एकजनाले नमुनाका रूपमा पढ्ने र अरू सबै जनाले सोहीअनुसार पढ्नु आदर्श पठन अन्तर्गत पर्दछ ।

**अनुकरण पठन**

शिक्षक वा नमुना व्यक्तिले हाउभाउ, गति,यति,लय, आरोह-अवरोह आदि मिलाएर गरेको पठन एक वा सोभन्दा बढी विद्यार्थीहरूले एकैसाथ नक्कल गरेर पढ्नुलाई अनुकरण पठन भनिन्छ ।

**समवेत पठन**

समवेत पठन दुई वा दुईभन्दा बढी विद्यार्थीहरूको समूह बनाएर गर्ने गरिन्छ। यसो गर्दा विद्यार्थीहरूमा हुने गरेका लाज, डर हट्न गई निस्फिक्री रूपमा आत्मविश्वास लिई उनीहरूले पढ्न सक्दछन्। यो पठन साना कक्षाहरूमा बढी प्रभावकारी मानिन्छ । साना-साना ४/५ जनाको समूह बनाएर पढ्ने हुनाले विद्यार्थीहरूमा स्वतन्त्ररूपमा पढ्ने र शिक्षकले पनि स्वतन्त्र रूपमा पढ्ने र शिक्षकले पनि सबै समूहमा गएर निरीक्षण गर्न सक्ने र आवश्यक सल्लाह र सुझाव दिन समवेत पठन आवश्यक छ । यसरी व्यक्तिको व्यक्तित्व विकास गर्नका लागि र पठनलाई सशक्त, सबल तुल्याउन सस्वरवाचनले अग्रणी भूमिका खेलेको पाइन्छ । वाचन वा पठनको शुद्धता र स्पष्टताका निम्ति ध्वनि, वर्ण, शब्द, वाक्य उच्चारणलगायत गति, यति, लय, हाउभाउ मुखमुद्राको पनि प्रभावकारी भूमिका रहेको हुन्छ । सस्वर पठनमार्फत हामीले धेरै कुरा सिक्न सक्छौं । सस्वर पठनको उद्देश्यमा केन्द्रित रही पठनकलामार्फत विभिन्न कुराको विकास गराउन सकिन्छ । जस्तै :

- शुद्ध र स्पष्ट रूपमा उच्चारण गरी पढ्ने बानीको विकास गराउन,
- हिज्जे र विराम चिह्नको उचित प्रयोग गर्दै पढ्ने बानीको विकास गराउन,
- पढाइमा रुचि जगाउँदै आनन्दानुभूतिको विकास गराउन,
- बोलाइ र बुझाइ क्षमताको विकास गर्न,
- विषय र प्रसङ्गअनुसार गति, यति, भाव, मुखमुद्रा, हाउभाउ, आरोह-अवरोह आदि मिलाएर पढ्ने बानीको विकास गर्न आदि ।

पढ्ने क्रममा शुद्ध उच्चारणमा ख्याल पुऱ्याउनु पर्ने हुन्छ। अप्ठ्यारा वर्ण तथा शब्दहरूलाई अभ्यासका माध्यममले निराकरण वा हटाउदैं लैजानु पर्दछ। पठनका क्रममा हुन सक्ने त्रुटिहरू ( जस्तै : क्ष-छ्ये, ऋ-रि, स-ष-श, ज्ञ-ग्य, ए-य, इ-ई, उ-ऊ र ( ्‍ ‍ँ ‍ृ ) को मध्यनजर गर्दै विद्यार्थीहरूलाई सचेत गराउनु पर्छ । कुनै पनि पाठ्यसामग्री पठन गर्दा स्पष्ट रूपमा बुझिने हुनुपर्दछ । सुन्ने व्यक्तिलाई प्रभावित पार्न पढ्ने व्यक्तिले श्रोताहरूको सङ्ख्याअनुसार सानो, ठूलो, मध्यम स्वरमा पठन अघि बढाउनु पर्दछ। शुद्ध उच्चारण, पढाइको उचित अन्तराल, गति, यति लगायत सामान्य गतिमा पढ्ने बानीको विकास गराउन सस्वर पठन अनिवार्य र महत्वपूर्ण रहेको छ ।

सस्वर पठनमा हिज्जे र विराम चिह्नको विशेष ध्यान दिनु जरुरी देखिन्छ। यसले लिखित सामग्रीको भावलाई समेट्दै पठनमा रोचकता बढाउनका साथै विभिन्न परिस्थितिमा अर्थको द्विविधा हटाउन सहयोग गर्छ । विराम चिह्नलाई उपयुक्त ढंगले प्रस्तुत गरेको खण्डमा पठनको आकर्षण बढ्नुका साथै विद्यार्थीहरूमा पनि त्यसमा सचेतता बढ्छ । साथै त्यस बारेमा ज्ञान हाँसिल हुन्छ । त्यसैले सस्वर पठन गर्दा हिज्जे विराम चिह्नको ख्याल गर्नु आवश्यक छ ।

सस्वर पठनको अर्को उद्देश्य पढाइमा रुचि जगाउनु हो लिखित सामग्री पठन गर्दा पढौं पढौं लाग्नु, एकचोटि पढ्दाभन्दा दुईचोटी पढ्दा झन् शुद्ध र स्पष्ट हुँदै जानु पढाइमा रुचि जाग्नु हो । पढ्दा आफूले पढेको विषयवस्तु बुझ्नु, बुझेपछि आनन्द आउनु र सुन्ने मानिसलाई पनि बुझाउन सक्नु, उनीहरूलाई पनि सुन्दा आनन्द आई आफैं पढौं पढौं लाग्ने बनाउनु सस्वर पठनको उद्देश्य रहेको छ ।

सुरुमा विद्यार्थीहरू सस्वर पठन गर्दा हड्बडाउने, लजाउने, डराउने, भकभकाउने, काम्ने, थरथराउने

गर्दछन् । नियमित पठन अभ्यासपछि उनीहरूमा क्रमशः निडरता र पठन अभ्यास बढ्दै जान्छ र बोलाइ सीपमा विकास हुँदै जान्छ । आफूले पढेका सामग्रीहरू बुझ्न थाल्दछन् र आवश्यक परेको बेला अभिव्यक्ति गर्न सक्छन् । पाठ्यवस्तुले व्यक्त गर्न खोजेका कुराहरू बोध गर्न, अभिव्यक्ति गर्न सक्षम बनाउन सस्वर पठनको महत्वपूर्ण भूमिका रहेको. हुन्छ । पठन सीपलाई जोडदार रूपमा प्रस्तुत गर्नका लागि लेख्य सामग्रीको भावअनुसार आवाजको आरोह अवरोह आवश्यकताअनुसार प्रस्तुत गर्नुपर्छ । विषय, प्रसङ्ग वा भावअनुसार उपर्युक्त मात्रामा मुखमुद्रा, अङ्गप्रदर्शन तथा हाउभाउ प्रस्तुत गर्नु सस्वर पठन शिक्षणको महत्वपूर्ण पाटो हो । पठनकला शिक्षणलाई सबल तुल्याउनका लागि सस्वर पठनको महत्वपूर्ण भूमिका रहेको छ ।

यसरी विद्यार्थीहरूमा विषयवस्तुप्रति रुचि जगाई शुद्ध, स्पष्टरूपमा विभिन्न चिह्नहरूको उचित प्रयोग गरी बोध क्षमताको विकास गराउन सस्वर पठनको महत्वपूर्ण उद्देश्य रहेको पाइन्छ । पाठ्यसामग्रीलाई अभ्यासात्मक ढंगले पुनरावृत्ति गराउँदै र नजान्ने विद्यार्थीहरूलाई जान्ने विद्यार्थीसँग राखेर आफ्नो रुचि, इच्छाअनुसारका पाठ्यपुस्तक पठन गराएर वा व्यक्तिगत र सामूहिक रूपमा पठनलाई गति, यति र लय मिलाई पढ्न लगाएर, सस्वर पठनको कार्यक्रम गरी पुरस्कारको व्यवस्था गरेर विद्यार्थीहरूको मनोबल उच्च बनाई सस्वर पठन गराउनुपर्दछ । ज्ञानको विकास गर्ने प्रभावशाली उपाय पढाइ हो (ढकाल, २०६२,पृ.२०८) यसो गर्न सकेमा विद्यार्थीहरूमा आत्मबल बढ्न गई सस्वर पठन प्रभावकारी बन्न जान्छ ।

**मौन पठन**

लेख्य भावलाई ओठ नहल्लाई आवाज ननिकाली मनमनै पढ्ने कामलाई मौन पठन भनिन्छ । यसमा आँखाले लेख्य सामग्रीलाई मस्तिष्कसँग जोड्ने पुलको काम गर्दछ । मस्तिष्कले त्यसको भाव विचार र व्याख्या विश्लेषण गरी अर्थ खुट्याउने काम हुन्छ । यसरी आँखाले हेर्ने र मस्तिष्कले ग्रहण गर्ने भएकाले मौन पठन संज्ञानसँग सम्बन्धित रहेको पाइन्छ । मौन पठनमा आवाज निकाल्नु नपर्ने मुखमुद्रा, हाउभाउको प्रयोग नहुने भएकाले यो द्रुतपठनभन्दा सजिलो मानिन्छ । समयको पनि जोगावट हुन्छ तर साना कक्षाहरूमा मौन पठन त्यति उपयुक्त मानिदैन भने ठूला कक्षाहरूमा यो उपयुक्त मानिन्छ । मौन पठन धेरै विद्यार्थी भएका ठाउँमा पनि प्रभावकारी हुन्छ । यसले एकले अर्कालाई असर पुऱ्याउँदैन् । यसरी शिक्षकको भूमिका कमभन्दा कम हुने र प्राय ऊ मौन रहने तथा शिक्षार्थीहरूको भूमिका आधिकारिक रूपमा प्रोत्साहित हुने हुँदा उक्त विधिलाई मौन विधि मानिएको हो (अधिकारी, २०५३, पृ.७८) । मौन पठनमा एकातिर स्वअध्ययनको पनि विकास हुँदै जान्छ भने अर्कातिर हल्लाखल्ला नहुने भएकाले पढेका विषयवस्तु बुझिन्छ र पढ्नमा आनन्द आउँछ । त्यसैले पठनकलाको उत्कृष्ट रूपमा मौन पठनलाई लिइन्छ । मौन पठनबाट बुझ्ने बानीको विकास भएपछि बुझेका कुराहरूलाई संगठित गरी आवश्यकता र उद्देश्यअनुसार मूल्याङ्कन गर्ने सीपको विकास हुन्छ । मौन पठनमा सम्पूर्ण उद्देश्य प्राप्तिका लागि एकाग्रता आवश्यक हुन्छ । कुनै पनि नबुझेका कुराहरू बुझ्न धैर्यसाथ अध्ययनलाई अगाडि बढाउँदै लैजानुपर्दछ । मौन पठन गर्दा शान्त वातावरण आवश्यकता पर्दछ । कोलाहलपूर्ण तथा हल्लाखल्ला भएमा मौन पढाइ हुँदैन । मौन पढाइका लागि आँखाको क्रम मिलाउन सक्ने क्षमता हुनु आवश्यक छ । मौन पठनमा वर्णदेखि वाक्यसम्म एकैचोटि ग्रहण गर्न सक्नुपर्दछ । तीव्र गतिमा पत्रपत्रिका पढ्न र मुख्य मुख्य कुरा बुझ्न सक्ने क्षमता पाठकमा हुनुपर्दछ । आँखा र मस्तिष्कको तालमेल भई लिपिबद्ध पठित सामग्रीको रूप, ढाँचा, आशय छुट्याउन सक्नुपर्दछ । लेख्य भाषालाई उच्चारण नगरी वाचन गर्ने प्रक्रिया नै मौन पठन हो (पौडेल,२०६७, पृ.१४९) ।

प्रश्नोत्तरको माध्यमबाट लेखकले भन्न खोजेको भाव केलाउँदै मौन पठन गर्न सकिन्छ । क्रमबद्ध रूपमा मनमनै पढी कठिन शब्दको पनि समाधान गर्नु मौन पठनको कार्यकलाप अन्तरगत पर्दछ । कुनै सत्यतथ्य

पत्ता लगाउनका लागि गरिने मौन पठन तीव्र गतिको हुन्छ । यसबाट आफूलाई आवश्यक सूचना वा आफूले खोजेको कुरा मात्र पत्ता लगाउने उद्देश्यले पठन गरिन्छ । लिखित सामग्री लेखकले कुन मनसायले लेखेका हुन्, कसैलाई दोष दिएर वा कसैको वीरगाथा गाएर वा विद्रोह, आक्रोश व्यक्त गरेर आदि कुराहरू पाठकले पाठ पठन गरिसकेपछि एउटा अनुमान लगाउन सक्नुपर्दछ । पाठ्य सामग्री पठन गरिसकेपछि पाठकले त्यहाँ व्यक्त भएका शब्द वा पदावलीहरू प्रसङ्गानुसार मिलेका छन् छैनन्, क्रमबद्ध छन् छैनन् छुट्याउन सक्नु, कठिन शब्द पहिल्याई त्यसको समाधान गर्नका लागि थप अध्ययनमा जोड दिनु, मौन पठनको कार्यकलाप अन्तर्गत पर्दछ। विभिन्न पत्रपत्रिका पढेर, पुस्तकालयमा अध्ययन गरेर लगायत अन्य पुस्तकहरू अध्ययनमार्फत पनि मौन पठनलाई अगाडि बढाउन सकिन्छ। पठनकलाको उत्कृष्ट रूप मौन पठन र यसको केन्द्रीय तत्व पठनबोध हो (शर्मा र पौडेल,२०६७, पृ.१५१) भनेर मान्न सकिन्छ । मौन पठनमार्फत हामीले धेरै कुरा सिक्न सक्छौं । जस्तै :

- एकाग्र रूपमा लिखित सामग्रीको भावबोध गर्नु,
- शब्दभण्डारको वृद्धि गराउनु,
- आवश्यकताअनुसार मन्द, मध्यम वा तीव्र गतिले मौन पठन गर्ने बानीको विकास गराउनु,
- पठनमा रुचि जगाई स्वाध्यायन गर्ने बानीको विकास गराउनु,
- धेरै विद्यार्थी बिच पनि सजिलै शिक्षण गर्नु,
- आँखा र मस्तिष्कको सक्रियतामा गति मिलाई मौन पठन गर्नु,
- समय र श्रमको बचत गर्नु ।

यसरी हेर्दा पठनकलाको उत्कृष्ट रूप मौन पठनलाई मानिन्छ । साना कक्षा वा तहमा मौन पठन त्यति प्रभावकारी नभए पनि माथिल्ला उच्च तहमा जब विद्यार्थीहरू लेख्य भाषातिर परिचित बन्दै जान्छन् त्यसपछि मौन पठनतर्फ उनीहरूलाई अग्रसर गराउँदै लै जानु पर्दछ । धेरै जना एकै ठाउँमा बसेर पढ्न होस् या सवारी साधनमा रहँदा, सार्वजनिक ठाउँमा बस्दा, आफूलाई अध्ययन गर्न मन लागेको कुरा कसैको डर, चिन्ता नलिई कसैलाई बाधा अवरोध नपुऱ्याई पठन गर्नका लागि पनि मौन पठन सर्वाधिक महत्वपूर्ण पठन हो । पाठ्यपुस्तकलाई आफ्नो इच्छाअनुसार जुन गतिमा पनि पढ्न सकिने र त्यसबाट कसैलाई पनि अप्ठयारो नपर्ने हुँदा पठनबोध पठनकलाकै उत्कृष्ट रूप हो भन्न सकिन्छ ।

**द्रुतपठन**

पठनकलाअन्तर्गत पर्ने एक महत्वपूर्ण पठन द्रुत पठन हो । सामान्य अर्थमा द्रुतपठन भन्नाले छिटो पढ्नु भन्ने अर्थ जनाउँछ । लिपिबद्ध सामग्रीलाई छिटोछिटो पढेर त्यसमा भएको भाव बुझ्न सक्नु नै द्रुतपठन हो (ढकाल र खतिवडा, २०६८,पृ.१४१) । उच्च तहका विद्यार्थीहरूका लागि यो महत्वपूर्ण मानिन्छ। द्रुतपाठको अभ्यासका लागि प्रयोग गरिने सामग्रीहरू विद्यार्थीको भाषिक क्षमताभन्दा केही तल्ला स्तरका हुनु पर्दछ (अधिकारी र शर्मा, २०५६, पृ.७८) । थोरै समयमा धेरै पढ्न र आफूलाई आवश्यक कुराहरू पहिचान गर्न द्रुत पठन महत्वपूर्ण रहेको छ । कथा, उपन्यास, जीवनीजस्ता साहित्यिक विधाहरू द्रुत पठनका लागि उपयुक्त मानिन्छ भने छिटो ढिला पढ्ने भन्ने कुरा पाठकको पूर्वाभ्यासमा आधारित हुन्छ । द्रुतपठनमा पाठकको अंश अंश केलाएर व्याख्या र अर्थबोध गर्ने नभई यसमा पाठकले कति छिटो पढ्छ कति शुद्ध पढ्छ भन्ने कुराको मात्र हेक्का गरी अर्थबोधलाई सूक्ष्म रूपले मात्र नियालिन्छ । यसरी लेख्य सामग्रीबाट खास-खास कुरा खोज्न आँखा र दिमाग एकैसाथ चलायमान गतिमा दौडाउनुलाई द्रुतपठन भन्न सकिन्छ। धार्मिक प्रवचनहरू, विभिन्न

पुस्तकहरू पठन गर्दा द्रुत पठनको धेरै प्रयोग पाइन्छ । पठित सामग्रीमा भएको मुख्य कुरा सरसर्ती जानकारी लिन द्रुत पठन उपयोगी हुन्छ । भकभकाएर पढ्ने, औँलाले अक्षर हेरेर मात्र पढ्ने, ढिला पढ्ने तथा अशुद्ध पढ्ने विद्यार्थीहरूका लागि द्रुत पठनको माध्यमबाट अभ्यास गराउँदै ती बानीहरू हटाउँदै लैजान सकिन्छ । यसरी पाठकले आफ्नो क्षमताअनुसार पढाइलाई उच्च गति दिँदै पाठमा भएका आवश्यक कुराहरू लिन वा सम्झन सक्ने खुबीको विकास गराउनु द्रुत पठनको उद्देश्य हो ।

विद्यार्थीको स्तर क्षमता र तहको अध्ययन गरेर मात्र द्रुत पठन गराउनु पर्दछ, नत्र द्रुत पठन उपलब्धि विहीन पनि बन्न सक्छ । छिटो, शुद्ध र स्पष्ट पठन गर्न सक्नु नै द्रुत पठन भएकाले पठन गर्दा समय पनि ख्याल गर्नुपर्ने हुन्छ । द्रुत पठनलाई स्तरीय बनाउन सरल सामग्रीको प्रयोग गर्दै जटिलतातिर प्रवेश गर्दै जानुपर्दछ । विद्यार्थीहरूलाई विभिन्न पुस्तकालयीय सामग्री, पत्रकारिता र अन्य सन्दर्भ सामग्रीहरू आदि पढ्नमा प्रेरित गर्दै द्रुत पठनलाई अगाडि बढाउन सकिन्छ । विद्यार्थीहरूलाई कुनै पनि निश्चित अनुच्छेद वा पाना केही समयसम्म पढ्न दिएर त्यस अनुच्छेद वा पानाबाट सारांश वा प्रश्नोत्तर, त्यहाँ बढी प्रयोग भएका शब्दहरू सोधी उनीहरूमा द्रुतरूपमा पढ्ने मात्र नभई पढ्दा बुझ्ने क्षमताको विकास गराउँदै द्रुत पठनलाई सबल तुल्याउन सकिन्छ ।

द्रुतपठनमार्फत हामीले धेरै कुरा सिक्न सक्छौँ । द्रुतपठनको उद्देश्यमा केन्द्रित रही पठनकलामार्फत विभिन्न कुराको विकास गराउन सकिन्छ । जस्तै :

- लिखित सामग्री छिटोछिटो पढ्ने बानीको विकास गराउनु,
- लिखित सामग्रीबाट आवश्यक कुरा सरसर्ती खोज्न र बुझ्न सक्ने क्षमता विकास गराउन,
- तोकिएको समयभित्र पढेर सक्ने बानीको विकास गराउन,
- विद्यार्थीलाई स्वतन्त्र रूपले अध्ययन गर्ने अभिरुचि जगाउनु,
- उमेर, तह, क्षमता र स्तर अनुकूल सामग्री छनोट गरी द्रुत अध्ययन गर्ने बानीको विकास गराउनु,
- शुद्ध र स्पष्टसँग उच्चारण गर्ने क्षमता विकास गराउनु,
- आँखा र दिमागको बिचको सन्तुलन कायम गराउनु आदि ।

यसरी पठनकलाको विकास गर्न द्रुतपठनको महत्वपूर्ण भूमिका रहेको पाइन्छ । पाठ्यसामग्रीलाई शुद्ध, स्पष्ट र तीव्र रूपमा पठन गरेर व्यक्त गर्न खोजिएका कुराहरू बोध गर्नु द्रुतपठनको लक्ष्य हो । विद्यार्थीहरूमा भएका कमी कमजोरी (भकभकाउनु, अशुद्ध उच्चारण गर्ने, औँलाले देखाएर पढ्ने, एकातिर मात्र फर्किएर पढ्ने, धकाउने आदि) हरूलाई हटाउँदै पठनप्रतिरुचि जगाई पढ्नलाई प्रोत्साहन र हौसला प्रदान गर्नुपर्दछ । विद्यार्थीका चाख, उमेर र रुचिअनुसारका पाठ्यसामग्री द्रुत पठन गर्न लगाउनाले उनीहरूले थाहै नपाई पढ्ने बानीको विकास भई र मन परेका पाठ्यवस्तु धेरै पढ्ने हुनाले पठन अभ्यास भई शुद्ध,स्पष्टरूपमा निर्धक्क साथ बुझेका कुरा व्यक्त गर्न सक्छन् । यसरी लिपिबद्ध विचारलाई तीव्र गति दिएर अगाडि बढाउने कार्य द्रुत पठनले गर्ने गर्दछ ।

## निष्कर्ष

भाषाका चारओटा सीपअन्तर्गत एक महत्वपूर्ण सीप पठन हो । पठनकला भन्ने बित्तिकै पढ्ने कला/सीप/तरिका भन्ने बुझिन्छ । विद्यार्थीहरूमा पढ्ने कलाको विकास गर्नु भनेको उनीहरूले लिखित

सामग्री पढ्नु मात्र नभई लिखित सामग्रीलाई आँखाको सहायताले दिमागमा भण्डारण गर्नु पनि हो । पठनकलाको विकासका लागि सस्वर पठन, मौन पठन र द्रुत पठनले महत्वपूर्ण जिम्मेवारी निर्वाह गरेका छन् । लिपिबद्ध सामग्रीलाई परिवेश, परिस्थिति, सन्दर्भ र आवश्यकताअनुसार शुद्ध र स्पष्ट रूपमा स्वर निकालेर, स्वर ननिकाली वा तीव्र रूपमा पठनबोध गरी क्षमताको विकास गराउनु पठनकलाको मूलमन्त्र हो । पठनकला क्षमताको विकास भएपछि विद्यार्थीहरू निर्धक्कसँग स्पष्ट पढ्न पाउने र आवश्यकताअनुसार पाठ्यवस्तु आँफै छानेर त्यहाँभित्रका महत्वपूर्ण खुराकहरू लिन सक्ने क्षमता बढेर जान्छ । ज्ञान र बुद्धिको विकास गराउन, स्वाध्ययन गर्ने बानीको विकास गराउन, भाषिक क्षमता विकास गर्न, शब्दभण्डारको विकास गराउन, प्रस्तुतिलाई सबल तुल्याउन, बोध क्षमताको विकास गर्दै पठनप्रति रुचि जगाउन पठनकला शिक्षणको आवश्यकता रहेको छ । विभिन्न पत्रपत्रिका तथा पुस्तकालयको उपयोग, कथा, कविता, उपन्यास, जीवनी, लेख, वादविवाद, संवाद लगायतका अन्य विधा र पाठ्यवस्तु अनि पूरक सामग्री आदि क्रियाकलापहरूको भरपूर प्रयोग गरी पठन कलालाई जीवन्त र प्रभावकारी तुल्याउन सकिन्छ । पठनकलाले विद्यार्थीमा सकारात्मक उर्जा थप्दै व्यक्तित्व विकासमा महत्वपूर्ण भूमिका निर्वाह गराउँछ । निरन्तर अभ्यासको उचित वातावरणबाट मात्र अनुशासित पठन, शुद्ध उच्चारण र पठनकलाको सही प्रयोग गर्न सकिन्छ । विद्यार्थीलाई प्रखर वक्ता बनाउन, शुद्ध, स्पष्ट गति, यति मिलाएर पढ्न, बुझेर पढ्ने बानीको विकास गराउँदै प्रतिस्पर्धाको भावना जगाउनु पठनकलाको औचित्य र आवश्यकता रहेको छ । यसरी व्यक्तिको व्यक्तित्व विकास गर्दै शिक्षण सिकाइ प्रभावकारी तुल्याउनका लागि पठनकला शिक्षण एक अभिन्न अंगका रूपमा रहेको पाइन्छ ।

## सन्दर्भसूची

अधिकारी, हेमाङ्गराज (२०५३), भाषा शिक्षण : केही परिप्रेक्ष्य र पद्धति, काठमाडौं : विद्यार्थी पुस्तक भण्डार ।

अधिकारी, हेमाङ्गराज र शर्मा, केदारप्रसाद (२०५६), प्रारम्भिक नेपाली शिक्षण, काठमाडौं : विद्यार्थी पुस्तक भण्डार ।

आचार्य, माधवप्रसाद र गौतम, रामप्रसाद (२०६५), नेपाली भाषा र साहित्य शिक्षण, काठमाडौं : दीक्षान्त प्रकाशन ।

इन्जेलमन,सेगफ्राइड, हाडडक्स,फिलिस र ब्रुनर,इलाइन (सन्.१९८६), टिच योर चाइल्ड टु रिड इन हन्ड्रेड इजी लेसन, न्यू योर्क : अ फायरसाइड बुक ।

ढकाल, शान्तिप्रसाद (२०६२), नेपाली भाषाशिक्षण, काठमाडौं : मनकामना बुक्स एन्ड स्टेसनरी ।

ढकाल, शान्तिप्रसाद र खतिवडा, तीर्थराज (२०६८), नेपाली भाषा र साहित्य शिक्षण , काठमाडौं : शुभकामना प्रकाशन प्रा.लि ।

पौडेल, माधवप्रसाद (२०६७), दोस्रो भाषाका रूपमा नेपाली शिक्षण नेपाली शिक्षण, काठमाडौं : विद्यार्थी पुस्तक भण्डार ।

शर्मा, केदारप्रसाद र पौडेल, माधवप्रसाद (२०६७), नेपाली भाषा र साहित्य शिक्षण, काठमाडौं : विद्यार्थी पुस्तक भण्डार ।

**लेखक**

***झगिन्द्रराज ढकाल**, नेपाली शिक्षा विषयमा प्राध्यापनरत हुनुहुन्छ । उहाँले त्रिभुवन विश्वविद्यालयबाट नेपाली शिक्षामा एम.एड. र नेपाली विषयमा एम.ए. गर्नुभएको छ । हाल त्रिभुवन विश्वविद्यालयबाट नेपाली शिक्षामा विद्यावारिधि शोधकार्यमा अनुसन्धानरत हुनुहुन्छ । उहाँका विभिन्न अनुसन्धानमूलक लेखहरु राष्ट्रिय जर्नल तथा पत्रपत्रिकाहरुमा प्रकाशित भएका छन् । शिक्षकको पेशागत विकास, मातृभाषा र नेपाली साहित्यको विकासमा अनुसन्धान गर्नु उहाँको रुचिको क्षेत्रमा पर्दछ ।*